# नेपाल पत्रकार महासंघ

## प्रदेश समिति

## निर्वाचन आचार संहिता, २०७५

**प्रस्तावना :** नेपाल पत्रकार महासंघको मिति २०७५।०१।२२ हुने प्रदेश समिति निर्वाचनलाई स्वच्छ, निष्पक्ष एवं विधिसम्मत रुपमा सम्पन्न गर्न उम्मेदवार, मतदाता र सम्बन्धित सबैको आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएको हुँदा नेपाल पत्रकार महासंघको विधान बमोजिम गठित केन्द्रीय निर्वाचन समितिको मिति २०७५।०१।०६ को बैठकबाट यो नेपाल पत्रकार महासंघ प्रदेश समिति निर्वाचन आचार संहिता, २०७५ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आचार संहिताको नाम “नेपाल पत्रकार महासंघ प्रदेश समिति निर्वाचन आचार संहिता, २०७४ रहेको छ ।

(२) यो आचार संहिता नेपाल पत्रकार महासंघका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, लेखा समिती संयोजक तथा सदस्य, मतदाता तथा केन्द्रीय सभासद, प्रदेश सभासद, सम्पूर्ण सदस्य, प्रदेश समितिका सबै उम्मेदवारहरु र सम्बन्धित सवैको  हकमा लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) “समिति” भन्नाले नेपाल पत्रकार महासंघको विधान तथा प्रदेश समितिको निर्वाचन सञ्चालनार्थ गठित केन्द्रीय निर्वाचन समिति, २०७४ लाई जनाउने छ ।

(ख) “निर्वाचन” भन्नाले नेपाल पत्रकार महासंघको प्रदेश समितिको निर्वाचनलाई जनाउने छ ।

(ग) “महासंघ” भन्नाले नेपाल पत्रकार महासंघलाई जनाउने छ ।

(घ) “प्रदेश समिति” भन्नाले नेपाल पत्रकार महासंघको विधानको धारा १६ (२) बमोजिम व्यवस्था भएको समितिलाई सम्झनु पर्दछ जनाउने छ ।

३. **आचार संहिता लागू हुने :** यो आचार संहिता नेपाल पत्रकार महासंघका बहालवाला केन्द्रीय केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, लेखा समिती संयोजक तथा सदस्य, मतदाता तथा केन्द्रीय सभासद, प्रदेश सभासद, सम्पूर्ण सदस्य, उम्मेदवारहरु र सम्बन्धित सवैमा समान रुपले लागु हुनेछ ।

४. **निर्वाचन प्रचार प्रसार :** मतदान प्रक्रिया शुरु भए पछि मतदान स्थलको परिसरभित्र प्रचार प्रसार गर्न, नारा जुलुस गर्न, भाषण गर्न, पोष्टर टाँस्न, पर्चा पम्प्लेट वितरण गर्न पाइने छैन ।

५. **मतदान केन्द्रमा प्रवेश :** निर्वाचन समितिले जारी गरेको परिचयपत्र वा महासंघले जारी गरेको परिचयपत्र भएका व्यक्तिले मात्र मतदान केन्द्रमा प्रवेश पाउनेछन् ।

६. **मतगणना स्थलमा प्रवेश :** मतगणना स्थलमा निर्वाचन समितिले तोके बमोजिमका व्यक्ति बाहेक अन्यलाई प्रवेश दिइने छैन ।

७. **मतदान स्थलः** मतदान स्थलमा क्यामरा र मोवाइल फोन लिएर जान पाइने छैन ।

८. **आचार संहिताको पालना :** यस आचार संहिताको पूर्ण रुपमा पालना गरी निर्वाचन सम्पन्न गर्न सहयोग पुर्‍याउनु प्रत्येक उम्मेद्‌वार, मतदाता र सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

९. निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विधिसम्मत रुपमा सम्पन्न गर्न आवश्यक पर्ने थप आचार संहिता निर्वाचन समितीको निर्णय अनुसार जारी गर्न सकिनेछ ।

१०. **निर्वाचन आचार संहिता, २०७४ लागु हुने :** यो निर्वाचन आचार संहिता मितिः २०७५ वैशाख ६ गते देखि निर्वाचन एवं मतगणना कार्य सम्पन्न नहुँदासम्म लागु हुनेछ । यो आचार संहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र उल्लेख नभएका कुराको हकमा नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समिति द्वारा जारी निर्वाचन कार्यविधि निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

११. **निर्वाचन समितिको निर्णय अन्तिम हुने :** यस आचार संहिता उपर कुनै विवाद भए निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।